म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३६ २०८० पुस ८ गते आइतबार 24 December 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# सामुदायिक र संस्थागत विद्यालयबीच सहकार्यमा जोड



समाज संवाददाता

हेटौंडाः सामुदायिक र संस्थागत विद्यालयबीच प्रतिस्पर्धा नभई सहकार्य हुनुपर्नेमा जोड दिइएको छ । हेटौंडा-४ का सामुदायिक र संस्थागत विद्यालयहरुको असल अभ्यासहरु प्रस्तुति कार्यक्रममा सहभागीहरुले शैक्षिक गुणस्तर अभिवृद्धिमा सामुदायिक र संस्थागत विद्यालयबीच समन्वय र सहकार्य हुनुपर्ने बताएका हुन् ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा शनिबार वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको असल अभ्यास प्रस्तुति तथा शैक्षिक कार्ययोजनासम्बन्धी छलफल कार्यक्रम भएको छ। शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को व्यवस्थापनमा हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको सभाहलमा कार्यक्रम भएको हो ।

कार्यक्रम ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखा प्रमुख हरिश्चन्द्र सापकोटा तथा शिक्षा अधिकृत रमेश बिडारीको आतिथ्य थियो। कार्यक्रममा वडाभित्रका ३ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयले आ-आफ्ना विद्यालयमा गरिएका सकारात्मक प्रयास र असल अभ्यास प्रस्तुत गरेका थिए ।

कार्यक्रममा वडा अध्यक्ष सिग्देलले शैक्षिक क्षेत्रको विकासका लागि आफू उत्साहित र समर्पित भएको बताउनुभयो । वडाका लागि विनियोजित बजेटको करिब एक तिहाई शिक्षा क्षेत्रमा खर्च गर्ने आफ्नो योजना उहाँले सुनाउनुभयो । हेटौंडाको ४ नम्बर वडा मकवानपुरको मात्र नभई देशकै शैक्षिक केन्द्र बन्दै गइरहेको उहाँले दावी गर्नुभयो ।

वडाभित्रका विद्यालयबीच स्वच्छ प्रतिस्पर्धासँगै शिक्षामा सहकार्य र समन्वयका लागि शैक्षिक गुणस्तर सुधार समितिले काम गरिरहेको वडा अध्यक्ष सिग्देलल बताउनुभयो । सामुदायिक र संस्थागत विद्यालयको प्रतिनिधित्व रहने गरी समिति निर्माण भएको र वडाको गतिविधिमा समितिको सहकार्य प्रशंसनीय रहेको उहाँको भनाइ छ। ४ नम्बर वडाभित्रका विद्यालयमा गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्न निश्चित मापदण्ड निर्माण गर्दै अनुगमन गर्नुपर्ने आवश्यकता सिग्देलले औंल्याउनुभयो ।

शिक्षा विकास महाशाखा प्रमुख सापकोटाले शैक्षिक विकासमा ४ नम्बर वडाले गरेका कार्यक्रम सबैका लागि अनुकरणीय रहेको बताउनुभयो। उहाँले बजेट सीमाका कारण महाशाखाले चाहेजस्तो कार्य गर्न नसक्ने भन्दै विद्यालयको भौतिक र शैक्षिक विकासका लागि आफू सदैब सकारात्मक रहेको जानकारी दिनुभयो ।

शैक्षिक गुणस्तर सुधार समिति अध्यक्ष एवम् श्रमिक माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम दहालले समितिको विगतका क्रियाकलाप र यस वर्षको कार्ययोजनाबारे जानकारी गराउनुभयो । ४ नम्बर वडा कार्यालयसँगको सहकार्यमा वडाभित्रका विद्यालयको शैक्षिक गुणस्तबारे अभिवृद्धिमा समिति क्रियाशील हुने बताउनुभयो ।

सामुदायिक विद्यालय र संस्थागत विद्यालयको सम्बन्ध प्रगाढ बनाउन आवश्यक रहेको अध्यक्ष दहालको भनाइ छ। समितिले वडाभित्रका विद्यालयको सहभागितामा गतवर्ष शैक्षिक सामग्री प्रदर्शनी, नृत्य तथा गायन प्रतियोगिता, शिक्षक तालिम, शैक्षिक एवम् सामुदायिक अवलोकन भ्रमणलगायतका कार्यक्रम गरेको जानकारी दिनुभयो। समितिले यस वर्ष पनि शिक्षक तालिम र अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने बताउनुभयो । वडास्तरीय खेलकुद, शैक्षिक सामग्री प्रदर्शनी, नृत्य कार्यक्रमलाई निरन्तरता दिइने अध्यक्ष दहालले बताउनुभयो। वडाभित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि समेत समितिले आवश्यक कार्य गर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा ४ नम्बर वडाका आधुनिक राष्ट्रिय मावि, भूटनदेवी मावि, श्रमिक मावि, नवोदय शिशु सदन, ब्रह्मदिक एकडेमी, सत्यम जेभियर्स स्कूल, आमसाई स्कूलले विद्यालयको परिचयसहित विद्यालयका समस्या, चुनौती र विविध गतिविधिबारे प्रस्तुतिकरण गरेका थिए। प्रस्तुतिकरणमा विद्यालयहरुले शैक्षिक गतिविधिसँगै विद्यार्थी तथा अभिभावक र समुदायसँगको सहभागितामा गरिएका असल अभ्यासलाई जोड दिएका थिए ।

कार्यक्रममा विद्यालयहरुको प्रस्तुतिकरणलाई किशोर पराजुली र सञ्जयकुमार बस्नेतले समीक्षा तथा टिप्पणी गर्नुभएको थियो। प्रस्तुतिकरण गर्ने विभिन्न विद्यालयमा गरिएका असल अभ्यासलाई अन्य विद्यालयले पनि अनुशरण गर्नुपर्नेमा उहाँहरुले जोड दिनुभएको छ । विभिन्न विद्यालयका शिक्षकले कक्षा कोठाभित्र गर्ने शैक्षिक क्रियाकलापको आदानप्रदानमा समेत यस्ता कार्यक्रम आयोजना गर्नुपर्ने पराजुलीले बताउनुभयो ।

कार्यक्रममा वडा सदस्यहरु तथा टोल विकास संस्थाका पदाधिकारी, शैक्षिक तथा सामाजिक व्यक्तिहरुको सहभागिता थियो। वडाभित्रका विद्यालयका व्यवस्थापन समिति अध्यक्ष, व्यवस्थापन समितिको महिला सदस्य, शिक्षक अभिभावक संघको अध्यक्ष, प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, खेल शिक्षक, बाल क्लब अध्यक्षलगायतको पनि कार्यक्रममा सहभागिता थियो ।

# मोटरसाइकल दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मोटरसाइकल दुर्घटनामा परी बारा जिल्लामा २ जनाको मृत्यु भएको छ। शुक्रबार राती १२ बजेर १० मिनेटको समयमा बारा जिल्लाको प्रसौनी गाउँपालिका-२ स्थित दुधौरा खोलापुलको पिल्लरमा मोटरसाइकल ठोक्किएर दुर्घटना भएको थियो ।

बारा जिल्लाको कलैयाबाट बीरगन्जतर्फ जाँदै गरेको म प्र ०३-०३० प ४३९८ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा कलैया उपमहानगरपालिका-१३, बलिरामपुरका २२ वर्षीय कुन्दन मेहता खत्री र कलैया-१२, सितलपुरका २२ वर्षीय अभिमनु कुशवाहाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । दुर्घटनामा गम्भीर घाइते भएका दुवैजनाको उपचारको क्रममा मृत्यु भएको हो ।

# भ्यासेक्टोमी शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभन्याङमा पुरुष बन्ध्याकरण (भ्यासेक्टोमी) शिविर हुँदैछ । बिहीबार स्वास्थ्य कार्यालय मकवानपुर र नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाको आयोजनामा शिविर हुने संघका लेखा प्रमुख महेश पाण्डेले बताउनुभयो ।

भ्यासेक्टोमीको शिविर नेपाल परिवार नियोजन संघको शाखा कार्यालयमा हुने भएको छ । एक दिने कार्यक्रममा संघले १५ जना पुरुषको अपेक्षा गरेको छ । पाण्डेका अनुसार सन्तानको रहर पुगिसकेका दम्पत्तिहरुले आफ्नो इच्छानुसार स्थायी उपाय अपनाउन सकून् भन्ने उद्देश्यले शिविर आयोजना भएको हो। शिविरमा स्वास्थ्य कार्यालयको आर्थिक सहयोग रहेको उहाँले बताउनुभयो ।

# ४३५ मावि शिक्षकको विज्ञापन गर्दै आयोग



काठमाडौंः शिक्षक सेवा आयोगले माध्यमिक तहमा ४३५ शिक्षक नियुक्तिका लागि विज्ञापन गर्दैछ । यसको विज्ञापन आज आइतबार गोरखापत्रमा प्रकाशन हुने आयोगले जनाएको छ । उक्त पदमा दरखास्त दिन चाहनेका लागि आइतबार विहान १० बजेदेखि नै अनलाइन फारम भर्न सकिने व्यवस्था गर्ने आयोग स्रोतले जनाएको छ । शिक्षकको विज्ञापन गत वर्ष जस्तै प्रदेशगत रुपमा माग गर्ने आयोगको तयारी छ ।

माध्यमिक शिक्षकमा दरखास्त दिन नेपाली, सामाजिक, अर्थशास्त्र र संस्कृत विषयमा आवदेन फारम भर्नेले सम्बन्धित विषयमा स्नातक उतीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिनाको तालिम लिएको हुनुपर्नेछ । तर अंग्रेजी, गणित, विज्ञान, कार्यालय सञ्चालन तथा लेखा र कम्प्युटर विज्ञानमा फारम भर्न चाहनेले भने शिक्षा विषयको तालिम नलिए पनि दरखास्त दिन सक्नेछन् ।

उक्त विज्ञापनमा माघ ८ गतेसम्म नियमित दस्तुर तिरेर फारम भर्न सकिने र त्यसपछि माघ १५ गतेसम्म दोब्बर दस्तुर तिरेर फारम भर्न सकिने आयोग स्रोतको भनाइ छ। शिक्षक सेवा आयोगले गत वर्ष ७१८ माध्यमिक शिक्षक माग गरेको थियो । *स्रोतः अनलाइनखबर ।*




# विद्यालयप्रति पूर्वविद्यार्थीको बढ्दो चासो



*विद्यालयलाई सहयोग गर्ने विषयमा पूर्वविद्यार्थीबीच भइरहेको छलफल ।*

समाज संवाददाता

हेटौंडाः विद्यालय तहको शिक्षा कति प्रभावकारी छ भन्ने अध्ययन हुन सकेको छैन । तर, आफूले शिक्षा हासिल गरेको विद्यालयको अवस्था कस्तो छ भन्ने विषयमा भने अधिकांश विद्यार्थीले चासो राख्ने गरेका छन् । आफूले शिक्षा हासिल गरेको विद्यालयमा नयाँ पुस्ताका विद्यार्थीले राम्रो शिक्षा हासिल गरुन् भन्ने उद्देश्यले पूर्वविद्यार्थीहरु आफूले शिक्षा लिएको विद्यालयमा सक्दो योगदान गर्न अग्रसर देखिन्छन् ।

हेटौंडा-४, कर्रास्थित श्रमिक माविबाट २०५७ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेका विद्यार्थीको एक समूहले आफूले शिक्षा हासिल गरेको विद्यालयप्रति चासो राख्दै विद्यालयमा सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । भीमफेदी गाउँपालिका-१, सानुटारमा वनभोज कार्यक्रमको आयोजना गरेर पूर्वविद्यार्थीको समूहले विद्यालयमा सहयोगीको भूमिका निर्वाह गर्ने निर्णय गरेका छन् । श्रमिक माविका पूर्वविद्यार्थीले सामूहिक रुपमा विद्यालयको शैक्षिक तथा भौतिक विकासमा सक्दो सहयोग गर्ने निर्णय भएको पूर्वविद्यार्थी दिपेश खड्गीले जानकारी दिनुभएको छ ।

विद्यालयमा न्यून आर्थिक अवस्था भएका विद्यार्थीलाई आवश्यक सहयोगलाई प्राथमिकतामा राखेर विद्यालय प्रशासनसँग समन्वय गरी आवश्यक काममा सहकार्य गर्ने निर्णय पनि गरिएको खड्गीले बताउनुभयो। "हामीले नै पढेको विद्यालयमा आजको समयअनुकुल शिक्षा दिने अवस्था रहन सक्यो भने हामीले निजी विद्यालयमा विद्यार्थी भर्ना गर्नुपर्ने थिएन" पूर्वविद्यार्थी रवि नकर्मीले भन्नुभयो, "विद्यालय सुधार्न हामी आफैं पनि लाग्नुपर्छ। हामीले निजी विद्यालयलाई तिर्नुपर्ने चर्को शूल्कबाट पनि छुटकारा पाउँछौं ।"

पूर्वविद्यार्थीको वनभोज कार्यक्रमका अतिथि श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहालले विद्यालयको अवस्था, विद्यालयले आगामी योजनाका बारेमा जानकारी गराउनुभयो। विद्यालयले शैक्षिक सुधारका क्रियाकलाप गर्दै आएको, वडा कार्यालय, पूर्वविद्यार्थीको सहयोग प्राप्त भएको उल्लेख गर्नुहुँदै संघीय सरकारको बजेटमा पनि विद्यालयको भौतिक पूर्वाधारका लागि बजेट विनियोजन भएको उहाँले जानकारी दिनुभयो । विभिन्न

....बाँकी पृष्ठ ३ मा

## लुम्बिनी सरकार विस्तार हुँदै

# आज दुई मन्त्रीको शपथ

दाङः लुम्बिनी प्रदेश सरकार आइतबार विस्तार हुने भएको छ। नेकपा माओवादी केन्द्रको तर्फबाट बाँकेबाट निर्वाचित कृष्णा केसी (नमुना) र नेपाली कांग्रेसको तर्फबाट प्यूठानबाट निर्वाचित सरोज थापा मन्त्री बनाइएका हुन् । केसी सहरी विकास मन्त्री र थापा उद्योग तथा यातायात मन्त्री बनाइएका छन् ।

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले शनिबार नै उनीहरूको नाम टुंगो लगाई प्रदेश प्रमुखकहाँ शपथका लागि पठाइसकेका मुख्यमन्त्री सचिवालय स्रोतले सेतोपाटीलाई जानकारी दियो । 'सरकारमा पठाउने दुई व्यक्ति र मन्त्रालयको पनि छिनोफानो भइसकेको छ,' मुख्यमन्त्री सचिवालय स्रोतले भन्यो, 'भोलि (आइतबार) नै शपथ हुने छ ।' लुम्बिनी सरकारका प्रवक्ता गृहमन्त्री सन्तोष पाण्डे पनि दुई जना नयाँ मन्त्री थपिएको तथा आइतबार नै शपथको कार्यक्रम तय भइसकेको सेतोपाटीलाई बताए ।

लुम्बिनी सरकारमा उद्योग तथा यातायात मन्त्री बन्न लागेका सरोज थापा चलचित्र क्षेत्रमा 'रोज राणा' को नामबाट परिचित छन्। चलचित्र निर्माता उनी अघिल्लो वर्ष मंसिरको संसदीय निर्वाचनमा कांग्रेसबाट चुनाव लडेर निर्वाचित भएका थिए । संस्थापन पक्षधर उनी मन्त्री

....बाँकी पृष्ठ ३ मा

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# सभागृहजस्तै भ्यूटावर पनि अलपत्र

हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-४ स्थित हुप्रचौरसँगै अलपत्र अवस्थामा रहेको शहीद बासुदेव सभागृहलाई भत्काएर बहुउद्देश्यीय कमर्सियल भवन (भ्यूटावर) बनाउने सम्झौता अहिले घाँडो बनेको छ । सभागृह उपयोगविहीन बनेपछि भ्यूटावर बनाउने उपमहानगरको निर्णयमा चर्को विरोध भएको थियो । आम नगरबासीको विरोधका बीच करिब दुई वर्षअघि उपमहानगर नेतृत्वले भ्यूटावर निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । निर्माण सुरु भएको डेढ दशकसम्म पनि उपमहानगरपालिकाले बासुदेव सभागृहलाई पूर्णता दिन सकेन । सभागृह निर्माण सम्पन्न नभएपछि कुरुप र जीर्ण बन्दै जानुका साथै दुर्व्यसनीको अखाडा बन्दै आएको थियो । सभागृहलाई सोही अवस्थामा उपयोगमा ल्याउन नसकिने भन्दै हेटौंडा उपमहानगरपालिकाले त्यसलाई भत्काएर भ्यूटावरसहितको व्यावसायिक भवन निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो ।

२०७८ साल मंसिर २० गते भ्यूटावर निर्माणसम्बन्धी सम्झौता भएको थियो । बासुदेव सभागृहलाई भत्काएर व्यावसायिक भवनसहित १३ तल्लाको भ्यूटावर निर्माण सम्झौता भएको हो । हेटौंडा उपमहानगरपालिकासँग लामा-रसुवा-बानियाँ जेभीले ४७ करोड ९३ लाख ७२ हजार रुपैयाँमा भ्यूटावर निर्माणको ठेक्का सम्झौता गरेको थियो । ठेक्का सम्झौतापछि निर्माण कम्पनीले सभागृह भत्काएको भए पनि भ्यूटावर निर्माणको काम भने दुई वर्ष बितिसक्दासमेत सुरु गरेको छैन । सम्झौताबमोजिम निर्माण कार्य सुरु समेत नगरेको निर्माण कम्पनीले उपमहानगरपालिकासँग क्षतिपूर्ति माग गरेपछि उपमहानगरपालिकालाई अहिले टाउको दुखाई भएको छ । उपमहानगर पालिकाले निर्माण कम्पनीविरुद्ध कानुनी लडाइँ लड्ने भएको हो । शुक्रबार बसेको कार्यपालिका बैठकले कानुनी लडाइँ लड्ने निर्णय गरेको बताइएको छ । भ्यूटावर निर्माणस्थलमा पूर्वराजा वीरेन्द्रको सालिक नहटाएकाले निर्माण कार्य सुरु गर्न नसकिएको भन्दै निर्माण कम्पनीले उपमहानगरपालिकासँग क्षतिपूर्ति माग गरेको छ । सम्झौताबमोजिम भ्यूटावर निर्माण कार्य सुरु नै नगरी निर्माण कम्पनीले क्षतिपूर्ति माग गरेपछि उपमहानगरपालिकाले कानुनी लडाइँ लड्ने निर्णयमा पुगेको छ ।

करोडौं खर्च भइसकेको सभागृह भत्काएर भ्यूटावर निर्माण गर्ने उपमहानगरको निर्णयको स्थानीय बासिन्दा र केही राजनीतिक दलले बिरोध गरेका थिए । हेटौंडामा सभाहलको आवश्यकता हुँदाहुँदै सभाहलले पूर्णता नपाउँदै भत्काउने निर्णय गर्नु हुँदैनथ्यो । हुप्रचौरको खुला मैदानको केही भाग मासेर निर्माण सुरु गरिएको सभागृह भत्काउने नै हो भने पनि त्यसलाई खुला मैदानकै रुपमा राख्नुपर्ने थियो । तर, तत्कालीन उपमहानगरको नेतृत्वले करिब ७८ करोड लागत अनुमानसहितको भ्यूटावर निर्माणको योजना अघि बढाउने निर्णयबमोजिम ठेक्का आह्वान गरेको थियो । दुई तलाको अन्डरग्राउन्डसहित चारैतिर लिफ्ट, दुई वटा भऱ्याङ, सबैभन्दा माथि भ्यूटावर रहने गरी ३ वर्षभित्र व्यावसायिक भवन निर्माणको सम्झौता भए पनि २ वर्षसम्म काम नै सुरु नहुँदा सभागृहजस्तै भ्यूटावर पनि अलपत्र पर्ने सम्भावना बढेको छ ।

करिब दुई दशकअघि नै हेटौंडामा व्यवस्थित सभाहलको आवश्यकता महसुस गरी निर्माण सुरु भएको सभागृहले पूर्णता नपाउनु हेटौंडाबासीको लागि दुर्भाग्य बनिरहेको छ । बागमती प्रदेशको राजधानी भएपछि हेटौंडामा सभागृहको आवश्यकता अझ बढेको छ । सभागृहको अभावमा प्रदेश राजधानीमा आयोजना हुने कार्यक्रम खुला चौर वा पार्टी प्यालेसमा गर्नु परिरहेको छ । एउटा व्यवस्थित सभाहल निर्माण गरेर सञ्चालन गर्न सकेमा त्यहाँ आयोजना हुने कार्यक्रम र त्यसका सहभागीका कारण हेटौंडामा व्यावसायिक क्रियाकलाप बढ्नेतर्फ उपमहानगर नेतृत्व गम्भीर बन्न सकेको पाइँदैन । करोडौं खर्च गरी एउटा प्रयोजनका लागि निर्माण गरिएको संरचनाले पूर्णता नपाउँदै भत्काउने निर्णय थप प्रत्युत्पादक बन्ने सम्भावना बढेको छ । २ वर्षसम्म भवन निर्माणको कामै सुरु नगरे पनि अहिले आएर निर्माण कम्पनीले क्षतिपूर्ति माग गरेको अवस्थामा कार्यतालिकाअनुसार निर्माण कम्पनीलाई काम गराउन नसक्ने र काम नगरेकोमा कुनै कारबाही गर्न नसक्ने उपमहानगर नेतृत्वबाट भएको र हुनसक्ने हानि नोक्सानीको क्षतिपूर्तिचाहिँ कोसँग माग्ने हो ?

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : असन्तुष्टि केलाएर अगाडी बढ्दा राम्रो होला ।
**वृष** : खर्च वृद्धि र परोपकारी काममा समय बित्ला ।
**मिथुन** : शेयर बजार लगानीमा समय व्यतित हुने छ ।
**कर्कट** : रोजगारीको नयाँ अवसर प्राप्त हुने समय छ ।
**सिंह** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**कन्या** : जोखिम र संकटले घेरेको समय योग छ ।
**तुला** : शारिरीक रुपमा स्वस्थता बढ्ने समय योग छ ।
**वृश्चिक** : मनमा शान्ति र सन्तुष्टिको अनुभुति प्राप्त हुने छ ।
**धनु** : पेशागत जीवनमा सामान्य लागि परिने समय छ ।
**मकर** : दिगदारी रतनावको क्रममा वृद्धि हुने समय योग छ ।
**कुम्भ** : बन्धुवान्धव र दाजुभाईबाट सुख प्राप्त हुने समय योग छ ।
**मीन** : अचल धनको उपयोगबाट लाभ प्राप्त हुने समय छ ।

# के चीन ईतिहासको पुनब्र्याख्या गर्दैछ ?

**पुस्तक समीक्षा**




✍सन्तोष पौडेल

भारतका विदेश मन्त्रालयका पुर्व सचिव श्याम शरण लेख्छन्, देशहरुले आफ्नो बारेमा भन्ने कथाहरुबाट उनीहरुको ब्यवहार बुझ्न सकिन्छ । चिनियाँहरु यसलाई “डिस्कोर्स पावर” भन्दछन् । आकर्षक भाष्यले शक्तिको चाहानालाई लुकाउन वैधताको आवरण दिने गर्दछ। चीनसँग राजनीतिक वैधताका लागि ईतिहासका हरेक दस्तावेजहरु सुरक्षित छन् जसले ब्यवस्थाको भाष्य निर्माण गर्न महत्वपूर्ण स्रोतको काम गरेको छ । चीनको दाबि अनुसार ईतिहासमा चीन सधैं महाशक्तिको रहेको छ। यसको शक्ति र प्रभावलाई चीन संग जोडिएका अरु देशले समेत स्विकारेका थिए तर के चीन सधैं शक्तिशालि थियो त ? आजको शक्तिशालि चीन निर्माणको पछि कस्तो पृष्ठभुमि छ, जसले चीनको विश्वदृष्टिमा गहिरो प्रभाव पारेको छ ? सन् २०२२ मा जुगरनट बुक्सले प्रकाशन गरेको पुस्तक अर्थात “हाउ चाईना सिज ईन्डिया एण्ड दि वल्ड” (चीनले भारत र विश्वलाई कसरी हेर्छ) ले चीनसँग सम्बन्धित यिनै जिज्ञासाहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

सन् २००२ देखी २००४ सम्म नेपालमा समेत राजदुतको जिम्मेवारी सम्हालेका श्याम शरण अपरिचित नाम होईन । सन् १९७० मा भारतको विदेश मन्त्रालयमा सेवा सूरु गरेका शरण त्यस लगत्तै हङकङमा म्याण्डरिन (चिनियाँ भाषा) सिक्न गए । साँस्कृतिक क्रान्तिको उत्तरार्ध (१९७४-७७) र खुल्लापनको नीति लिएपछिका प्रारम्भिक वर्षहरु (१९८३-८६) गरी जम्मा छ वर्ष चीनमा बिताएका शरणले पुस्तक चिनियाँ बसाँईका अनुभव सहित सुरु गरेका छन् । उनी त्यस्तो बेला चीन पुगेका थिए, जतिबेला चीनमा कमै मात्र आधिकारीक संचार माध्यामहरु थिए । राजदुतसँग सम्बन्ध राख्ने बाहेक अरु चिनियाँ अधिकारीहरुसँग पहुँच थिएन । सुचनाहरु छरिएका हुन्थे । सिमित सञ्चार माध्यामका खबरहरु पनि घुमाएर लेखिएको हुन्थ्यो, ईतिहासको सन्दर्भसँग जोडेर त्यसलाई बुझ्नु पर्थ्यो तर दोश्रो पटक उनी चीन पुग्दा परिस्थिति बद्लिएको थियो । सन् १९७८ मा देङस्यायो पिङले आर्थिक पुनर्सरचना र खुल्लापनको नीति लिएपछि भने पश्चिमा प्रभाव फैलदैं थियो । देङको “धनि हुनु गौरव हो” भन्ने नारालाई मानिसहरुले गम्भिरतापुर्वक लिएका थिए । चिनियाँ अधिकारी, प्राज्ञ, कलाकारहरुलाई भेट्न संभव थियो । पाँच तारे होटलहरु बढ्न थालेका थिए । सडकमा विदेशी ब्राण्डका कारहरु देखिन थालेका थिए तर चालिस वर्षभित्रै चीन विश्वको आर्थिक शक्ति बन्ने छाँट त्यहाँ देखिएको थिएन् । यसरी लेखकले सुरुमै दुई फरक समयको चीनलाई चिनाउने कोशिस गरेका छन् ।

सन् १९४७ मा स्वतन्त्र भएको भारत तथा सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापनापछि “हिन्दि चिनी भाईभाई”को आत्मियता साटेका यि दुई विशाल देशहरु सन् १९६२ मा युद्धमा होम्मिए । सन् २०20 पनि लद्धाखमा आमनेसामने भए । विश्व मानचित्रमा चीनको शसक्त उदय भईरहदाँ भारत पनि पाँचौं ठुलो अर्थतन्त्र भएको छ । यि भिमकाय देशहरु वीच सैन्य मात्र होईन, आर्थिक र राजनीतिक शक्ति संघर्ष पनि




उस्तै जबर्जस्त छ। साँध सिमाना जोडिएका यि दुई देशहरु ईतिहासको कुन चरणमा जोडिए र किन छुट्टिए ? यसको साँस्कृतिक, वैचारिक, राजनीतिक जग के हो ? यि कुरा बुझ्न फेरि पुस्तककै सन्दर्भमा जोडिऔं ।

पहिलो सहश्राब्दिमा ब्यापारको सिलसिलामा मध्य एसिया, नेपाल र तिब्बत तथा सामुन्द्रिक माध्यामबाट भारतिय उपद्धिप र पुर्वि चिनियाँ तटबाट दुबै देश एकअर्काको सम्पर्कमा आए । चीनमा बौद्ध धर्मको विस्तारसँगै सुआन चाङले आधिकारिक ग्रन्थहरु प्राप्त गर्न तथा अध्ययनका लागि नालान्दा र विक्रमशिला विश्वविद्यालयमा आए । त्यसक्रममा अरु चिनियाँहरु पनि भारत आएका थिए । पहिलो सहश्राब्दिमा भारतीयहरुमा चीनप्रति कम रुचि देखिन्छ तर दोश्रो सहश्राब्दिसँगै भारतिय उपमहादिपमा मुस्लिमहरुको आक्रमण र बौद्ध धर्म क्रमशः कमजोर बन्दै गएपछि भने सिमितरुपमा रहेको सम्पर्क लामो समयका लागि टुट्यो । त्यसपछि एकैपटक ब्रिटिश उपनिवेशको समयमा चीन र भारत आमनेसामने भए तर यो चीनका लागि त्यति सुखद अनुभव थिएन । सन् १८३९-४२ र १८५६-६० मा भएको अफिम युद्धमा ब्रिटिशले चीनमाथि गरेको सैन्य आक्रमणमा अग्रपङतिमा भारतीयहरु थिए । जसमा चीन पराजित भएको थियो । लेखकले भारत प्रति चिनियाँ दृष्टिकोण यसै घटनाबाट प्रेरित भएको भनेका छन् । सन् १९५० मा तिब्बत नियन्त्रणमा लिएपछि चीन र भारत नजिकका छिमेकी त भए तर दुबै देश एकअर्का संग त्यति परिचित थिएनन् । त्यसैले लेखकले चीनको भारतप्रति र भारतको चीनप्रतिको दृष्टिकोण तेश्रो पक्षले अघि सारेका श्रोतका आधारमा भएको भनि लेखेका छन्। यसैकारण चीनले विदेशी शक्तिको दासको रुपमा भारतलाई हेर्छ तर चीन आँफै एलियन अर्थात गैह्र हान जातिबाट अधिकांश समय शासित थियो । मंगोल युआन वंश (१२७१-१३१८ सिई) र मंचु छिंन वंश (१६४४(१९१२) सम्म चीन एलियनबाट शासित भयो भने भारत (१८५८ देखी १९४७ सम्म) ब्रिटिशको उपनिवेशको रुपमा रह्यो । यस अर्थमा भारत र चीनले ईतिहासमा उस्तै नियति भोग्नु परेको दाबि लेखकको छ ।

ईतिहासमा रोमनहरुले ग्रिकबाट सिके । अरबले पर्सिया, मध्य एसिया र ईन्डियाबाट, युरोपमा पुनर्जागरणको क्रममा ग्रिकको ज्ञानको पुनःखोजि गरियो । मेजिको जापानले पश्चिमाबाट सिक्यो भने चीनले पश्चिमा ज्ञान र प्रविधिलाई समायोजन गरी अघि बढेको छ । यसरी एउटा राम्रो सिकारु हुँदै चीन ज्ञान र प्रविधित उच्चतम् केन्द्र हुँदैछ । आर्थिक ईतिहासले प्रष्ट देखाउछँ कुनै पनि देशको विकासको प्रारम्भिक चरण पहिल्यै विकसित ज्ञान र प्रविधिको आत्मसात गरेर हुन्छ। त्यसपछि सिकेको ज्ञान र प्रविधिको समायोजन र आन्तरिकरण र अन्तिम चरण चाँहि आँफै ज्ञानको सिर्जना गर्न पर्याप्त ज्ञान पुजिँ निर्माण गर्ने हो। चीनको विकासको सन्दर्भमा पनि यो नियम लागु हुन्छ। यसर्थ लेखकले चीनको आर्थिक, सैन्य तथा राजनीतिक सामर्थ्यको कारण लेनिनवादी कम्युनिष्ट सत्ता नभएर आर्थिक उदारिकरणको पश्चिमा नीतिको अनुशरणलाई मान्दछन् ।

ईतिहासमा लामो समयसम्म पेरिफेरीका राज्यहरुको निरन्तर आक्रमणको सामना गरेकोले बाहिरी दुनियाँसँग चीनको सम्बन्धलाई त्यसले अझै पनि प्रभाव पारेको छ। कमजोर र विभाजित राजनीति हुदाँ राज्यले बाह्य आक्रमणको सामना गर्न नसक्ने भएकोले केन्द्रीयता र अधिनायकवादी राजनीतिक प्रणालीको आवश्यकता बोध भयो। बुद्ध कै समयका दार्शनिक कन्फुसियसले सामाजिक सद्धभाव र श्रेणिबद्धतालाईसँगै जोडेर हेरे । यहि मान्यतामा आज पनि चीनको विश्वदृष्टि श्रेणिमा आधारित छ। जहाँ सबैभन्दा माथिल्लो तहमा चीन र अरु देशहरु मतहतमा छन्। लेखक भन्छन्, चीनमा बोलिने भाषामा विविधता छ तर लेखाईमा एकरुपता छ। केन्द्रीयताका लागि यो पनि एउटा महत्वपूर्ण पक्ष हो । चीन एकै खालको जाती, भाषा, संस्कृतिको बाहुल्यता भएको देश हो भने भारत विविधतापुर्ण देश हो । यसको प्रतिबिम्ब दुबै देशले अँगालेको राजनीतिक ब्यवस्थामा पनि देख्न सकिन्छ । चीन र भारतको प्रतिद्धन्द्धिताको कारण लेखक यी देशहरुको फरक मुल्य र मान्यतामा आधारित राजनीतिक ब्यवस्थालाई मान्छन् ।


### ईतिहासको पुनःब्याख्याको प्रश्न

चीनले तिब्बत नियन्त्रणमा लिनु अघिसम्म तिब्बत कहिल्यै हान वा गैह्र हान जातिको प्रत्यक्ष शासनमा थिएन । मंगोल युआन र मंचु छिन वंशको शासनमा हुदाँ समेत तिब्बतले अलग र धार्मिकरुपमा स्वायत्त भई राज्य संचालन गरिरहेको थियो । सन् १९१२ मा छिन वंशको पतन पछि दलाई लामाले तिब्बतको स्वतन्त्रता घोषणा गरे तर अन्तराष्ट्रिय मान्यता पाउन सकेनन् । यद्यपि तिब्बतमा चीनको वैधतालाई प्रमाणित गर्न चिनियाँ विद्धानहरु प्राचिनकालदेखीको सम्बन्धको ब्याख्या गर्छन । अझ मंचु छिन वंशलाई चीनको शासनकोरुपमा हेर्नुपर्ने तर्क छ । सातौं शताब्दिमा तिब्बतले साङ वंशमाथि गरेको आक्रमण र त्यसपछि चिनियाँ सम्राटलाई शान्तिका शर्तहरु मान्न बाध्य पारेको विषयलाई पन्छाएर तिब्बतले सहयोग खोजेको र त्यसैक्रममा चिनियाँ राजकुमारी वेङचेङ्गको तिब्बती राजा स्रोङसेन ग्याम्पो संग विवाह गरी साङ-तिब्बत सहकार्य बलियो बनाएको भनी ईतिहासको आफु अनुकुल ब्याख्या गरेको लेखकको दाबि छ । त्यस्तै, लेखकले चिन कहिल्यै एसियाको केन्द्र नभएको र कुनै पनि ऐतिहासिक तथ्यले त्यसलाई प्रमाणित नगरेता पनि चीनले ईतिहासलाई तोडमोड गर्दै आफुलाई केन्द्रकोरुपमा स्थापित गर्न खोजेको भनेका छन् । पुस्तकमा चिनियाँ ईतिहासको धेरै सन्दर्भहरु उधिन्दै त्यसलाई भारतसँग जोडेर हेरिएका छन । ति घटनाक्रमको सन्दर्भमा तयार गरिएको नयाँ चिनियाँ भाष्यहरुको खण्डनहरु गरेका छन ।

समग्रमा “हाउ चाईना सिज ईन्डिया एण्ड दि वल्ड”ले भारत र विश्वप्रति चिनियाँ दृष्टिकोण प्रष्ट्र पार्न खोजेको भए पनि यो पुस्तक भारतीय विदेश मन्त्रालयको पूर्व उच्च अधिकारीको विचार, बुझाई र धारणा हो । अर्को शब्दमा भन्ने हो भने पुस्तक चीनको सन्दर्भमा भारतले स्थापित गर्न खोजेको नयाँ भाष्य हो। यसर्थ, स्वभाविकरुपमा यसबाट भारतले चिनलाई कसरी हेरेको वा बुझेको छ भन्ने थाहा पाउन सकिन्छ । जम्मा १८ अध्याय र २ सय ८६ पृष्ठमा समेटिएको यस पुस्तकले घुमाउरो भाषामा ईतिहासदेखी नै भारतको साँस्कृतिक, वैचारिक, राजनीतिक सर्वोच्चता स्थापित गर्न खोजेको छ ।

एक अर्काको बुझाई, समानता, भिन्नता लगाएतका विषयहरु अगाडि सार्ने क्रममा पुस्तकले एकैपटक भारत र चीन दुबैको बारेमा यथेष्ट ज्ञान र जानकारी दिएको छ । भारत-चिन प्रतिष्पर्धा नयाँ शिरामा पुगेको विषम् परिस्थितीमा सुझबुझपूर्ण ढंगले अगाडि बढ्न नेपालका लागि पुस्तकले केहि “आईडिया” पक्कै दिनेछ ।

# रेबिजबारे १० भ्रम र तथ्य



✍डा. प्रकाश अधिकारी

आज सेप्टेम्बर २८ अर्थात् विश्व रेबिज दिवस । नेपालमा पनि ‘एक स्वास्थ्यको अवलम्बन, रेबिजबाट शून्य निधन’ भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी रेबिज दिवस मनाइँदैछ । विश्व स्वास्थ्य संगठनको विश्वव्यापी रणनीतिक योजनाले सन् २०३० सम्ममा कुकुरको टोकाइले सर्ने रेबिजबाट हुने मानव मृत्युलाई शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ। यसै सन्दर्भमा आउनुहोस् हाम्रो समाजमा रेबिज रोगका विषयमा भएका भ्रम र वैज्ञानिक तथ्यको विश्लेषण गरौं ।

**भ्रम-१**: आक्रामक र मुखमा फिंज भएको कुकुर वा अन्य जनावरले टोकेमा रेबिज हुन्छ ।

**तथ्य**: कुकुरले जब आफूलाई असुरक्षित र त्रसित महसुस गर्छ त्यतिबेला टोक्ने कुरा सामान्य हो । यो कुकुरहरुको प्राकृतिक बानी नै हो। तर रेबिज लागेको कुकुरहरुले कुनै पनि व्यक्तिलाई विना कारण पनि टोक्छन् । आक्रामक र मुखमा फिंज हुँदैमा रेबिज नै हो भन्ने कुरा पनि सत्य होइन । धेरैजसो रेबिज संक्रमित जनावरहरु आक्रामक हुने भए तापनि यसको विपरित केही जनावरहरु सुरुमा धेरै निष्क्रिय देखिन सक्छन् । ज्वरो र थकान जस्ता लक्षणहरु जनावर वा मानिसमा रेबिज भएको प्रारम्भिक संकेत हो। एक संक्रमित जनावरलाई उभिरहन गाह्रो हुन सक्छ साथै छारेरोग र पक्षघातबाट ग्रस्त हुन सक्छ ।

**भ्रम-२**: टोकाइबाट मात्र रेबिज लाग्छ ।

**तथ्य**: रेबिज लागेको कुकुर वा अन्य जनावरको टोकाइबाट मात्र नभई शंकास्पद जनावरको र्याल शरीरको विभिन्न झिल्ली वा घाउको सम्पर्कमा आएमा समेत रेबिज रोग सर्ने संभावना हुन्छ ।

**भ्रम-३**: घरमा मुसा वा खरायोले टोकेमा रेबिज हुन्छ ।

**तथ्य**: मुसा र खरायोबाट मानिसमा रेबिज रोग विरलै हुन्छ । तसर्थ घरायसी खरायो र मुसाले टोकेमा टोकाइपश्चात् दिइने रेबिज विरुद्धको खोप आवश्यक पर्दैन । तर जंगली खरायो, मुसा वा मुसा प्रजातिका जनावरले टोकेमा सरुवा रोग विशेषज्ञको सल्लाहमा खोप लगाउन उपयुक्त हुन्छ ।

**भ्रम-४**: रेबिज रोगको उपचार हुँदैन ।

**तथ्य**: रेबिजको रोकथाम सम्भव छ । रेबिज रोग फैलन नदिन मानिस र जनावर दुवैका लागि खोपहरु उपलब्ध छन् । यदि तपाईंलाई रेबिज भएको शंका

....बाँकी पृष्ठ ३ मा

# गण्डकीका सहकारी पूर्वरजिस्ट्रार फरार

पोखरा: पोखरा-९ नयाँ बजारमास्थित मित्र मिलन सहकारी संस्थाको कार्यक्षेत्र विस्तारका लागि एक करोड २५ लाख रुपैयाँ घुस लिएको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा गण्डकीका तत्कालीन सहकारी र जिस्ट्रार उदयबहादुर पराजुलीलाई प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ। बैंकिङ कसुरमा पक्राउ परेका मित्र मिलन सहकारीमा बचतकर्ताको रकम अपचलन गरेको आरोपसमेत लागेका अध्यक्ष रमण पौडेल र प्रबन्धक किरण अधिकारीको वयानका आधारमा पराजुलीलाई पक्राउ पुर्जी जारी भएको हो।

गत कात्तिक ४ पक्राउ परेका सहकारीका अध्यक्ष पौडेल र प्रवन्धक अधिकारीले स्याङ्जामा कार्यक्षेत्र विस्तार गर्न रजिस्ट्रार पराजुलीलाई एक करोड २५ लाख रुपैयाँ घुस दिएको बयान दिएका थिए। करिब २ वर्ष प्रदेश सहकारी र जिष्ट्रारको कार्यालय पोखराका रजिष्ट्रार रहेका पराजुलीले कार्यक्षेत्र विस्तार गर्न १ करोड २५ लाख रुपैयाँ दिनुपर्दा पनि सहकारीले घाटा बेहोर्नुपरेको उनीहरुले बयान दिएका थिए।

स्याङ्जाको आँधिखोला गाउँपालिका नै घर रहेका अध्यक्ष पौडेलले आफ्नै पालिकामासमेत कार्यक्षेत्र विस्तार गरेर सहकारीमा रकम भित्राउन चाहेका थिए। तर, पराजुलीले फाइल अड्काइदिएपछि १ करोड २५ लाख रुपैयाँ घुस दिएर मिलाइएको बयान दिएको कास्की प्रहरी प्रमुख एसपी मोहन थापाले जानकारी दिए। २०७९ भदौमा उनी रजिस्ट्रारबाट सरुवा भएर सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा गएका थिए। यही मध्य मंसिरमा कुश्मा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बनेर गएका पराजुलीलाई मेयर रामचन्द्र जोशीले राख्न चाहेका थिएनन्। नगरपालिकामा हाजिरी भए पनि दुई जनाबीच बोलचालसमेत बन्द भएको कर्मचारीहरु नै बताउँछन्।

'उहाँले मेयरबाट रजिस्टर खोसेर हाजिरी गरेको कुरा थियो। दुई जनाबीच बोलचालै थिएन,' एक कर्मचारीले भने। उनी ४ दिनअघि परीक्षा दिन काठमाडौं जान भनेर हिँडेको निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद तिवारीले बताए। यसैगरी तत्कालीन राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखा प्रमुख सन्तोष घिमिरेले पनि ४० लाख रुपैयाँ घुस लिएको उनीहरुले बयान दिएका छन्। सहकारी बैंक लिमिटेडबाट ४ करोड ऋण लिँदा ४० लाख रुपैयाँ दिएको बयानपछि घिमिरेलाई पनि पक्राउ पुर्जी जारी भएको छ। अहिले राष्ट्रिय सहकारी बैंक लिमिटेड तनहुँ शाखा प्रमुख रहेका घिमिरे पनि पक्राउ पुर्जी जारी भएपछि फरार भएका छन्।

नयाँबजारको मित्रमिलन सहकारीले बचतकर्ताको २६ करोड रुपैयाँ अपचलन गरेको आरोप छ। यो सहकारीका सञ्चालकले प्रदेशैभरि कार्यक्षेत्र बनाएर रकम उठाउने योजना बनाएको थियो। यसका कसेरी र पुम्दीभुम्दीमा पनि शाखा स्थापना गरिएको थियो। मित्रमिलन सहकारीले वचतकर्ताको रकम फिर्ता नगरेको विषयमा वडाध्यक्षसहित ३० जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। अब तत्कालीन रजिस्ट्रार पराजुली र राष्ट्रिय सहकारी बैंक लिमिटेडका घिमिरेसहित ३२ जना पुगेका छन्। त्यसमध्ये अध्यक्ष पौडेल र प्रवन्धक अधिकारी बैंकिङ कसुरमा प्रक्राउ परेका थिए।

पक्राउ पुर्जी जारी भएका पोखरा महानगरपालिका वडा नं २१ का वडाध्यक्ष दीपक सुवेदीसहित २७ जना फरार छन् भने पक्राउ पर्ने ५ जना पुगेका छन्। पक्राउ पर्नेमा पौडेल र अधिकारीसहित सञ्चालक समिति सदस्य गोपाल खनाल, वुद्धिसागर पौडेल र राजु बराल छन्। पक्राउ पुर्जी जारी भएर फरार रहेका सहकारीका उपाध्यक्ष विजय लम्साल, सहकारीका पूर्व लेखा समिति सदस्य तथा ताण्डव न्युज पत्रिकाका प्रधान सम्पादक अर्जुन गिरी, कानुन व्यवसायी जनकल्याण पराजुलीलगायतको खोजी भइरहेको एसपी थापाले बताए। प्रहरीले मित्रमिलन सहकारीविरुद्ध उजुरी भए २७ मंसिरभित्र दिन आग्रह गरेको छ। अहिलेसम्म करिब ८ सय जनाले बचत रकम दाबी गर्दै जाहेरी दिएका छन्। *स्रोत: अनलाइनखबर।*

# ग्रामीण बहुउद्देश्यीयको अध्यक्षमा अधिकारी

समाज संवाददाता

हेटौँडा: हेटौँडा-२, कान्तिराजपथस्थित ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको अध्यक्षमा राजु अधिकारी सर्वसम्मत चयन हुनुभएको छ। शनिबार संस्थाको २४ औं वार्षिकोत्सवबाट अधिकारी संस्थाको अध्यक्ष चयन हुनुभएको हो।

अधिकारीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन भएको छ। संस्थाको उपाध्यक्षमा बालकृष्ण न्यौपाने, सचिवमा रविन ढकाल, कोषाध्यक्षमा राजेन्द्र प्रसाद पुडासैनी र सह-सचिवमा शंकर बहादुर रोक्का चयन हुनुभएको छ। यस्तै सदस्यहरुमा गोविन्द सापकोटा, जयराम अर्याल, प्रदीप अधिकारी, कृष्णप्रसाद घिमिरे, गीता कोइराला र प्रभाकर पुडासैनी चयन हुनुभएको छ। यस्तै संस्थाको लेखा समिति सयोजकमा पूर्ण प्रसाद पुडासैनी र सदस्यहरुमा धर्मराज पोखरेल र कुवेर पोखरेल चयन हुनुभएको छ। नवनिर्वाचित कार्यसमितिको कार्यकाल ४ वर्षको हुनेछ।

यसअघि सहकारीकी अध्यक्ष प्रतिमा श्रेष्ठको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा साधारणसभाको उद्घाटन कार्यक्रम भएको थियो।

एक हजार आठ सय १८ जना शेयर सदस्य रहेको सहकारीमा २ करोड २१ लख २९ हजार रुपैयाँ शेयर पुँजी छ। ३९ लाख ८७ हजार रुपैयाँ जगेडा कोष रहेको संस्थाले २१ लाख ९८ हजार रुपैयाँ नाफा कमाएको छ। साधारणसभाको अवसरमा संस्थाले समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठसँगै विभिन्न विधामा सदस्यहरुलाई सम्मान गरेको छ। संस्थाले ज्येष्ठ सदस्यको रुपमा कान्छीमाया थिङ, बचतकर्तातर्फ बिनिता श्रेष्ठ र धिरज सुनारलाई सम्मान गरेको छ। यस्तै कारोबारी सदस्यतर्फ चन्द्र बहादुर मल्ल र सन्तमाया मोक्तानलाई, व्यवसायीतर्फ सोम बहादुर थिङ र रेणु गुरुङ र बाल बचततर्फ एड्रियल वाईबालाई सम्मान गरेको छ। यस्तै संस्थापक शेयर सदस्यको रुपमा वैकुण्ठ प्रसाद पुडासैनी र रामशरण घिमिरे, सञ्चालक समितितर्फ राजेन्द्र प्रसाद पुडासैनी र कर्मचारीतर्फ सानिमा र रञ्जितकार सम्मानित भएका छन्।

## दुई मन्त्रिको...

बनिसकेको र आइतबार शपथ हुने निश्चित भएको स्रोतले जनाएको छ। कृष्णा केसीलाई मन्त्री बनाउने निर्णय माओवादीले झन्डै आठ महिना पहिल्यै गरिसकेको थियो। माओवादीले बाँकेकी कृष्णासँगै रोल्पाका दीपेन्द्र पुन (सिजल) लाई मन्त्री बनाउन सिफारिस गरेको थियो। तर कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनको अडान र विरोधका कारण दीपेन्द्र मन्त्री बन्ने सम्भावना क्षीण बनेको हो।

अमरसिंह र दीपेन्द्र चुनावी प्रतिस्पर्धमा होमिएका थिए। पार्टीबाट टिकट नपाएपछि दीपेन्द्र विद्रोह गरी गठबन्धनविरूद्ध स्वतन्त्र रूपमा चुनाव लडेर जितेका थिए। निर्वाचित भइसकेपछि मात्रै दीपेन्द्र पुनः माओवादी प्रवेश गरेका थिए। गठबन्धनविरूद्ध उभिएर गठबन्धन संस्कार लत्याउने व्यक्तिलाई कुनै पनि हालतमा गठबन्धन सरकारले मन्त्री बनाउन नहुने अडान अमरसिंहले लिएको हुँदा दीपेन्द्र मन्त्री हुने सम्भावना तत्काल टरेको हो।

सरोज थापालाई पनि मन्त्री बनाउन नहुने भन्दै भएको विरोधका कारण यसअघि मन्त्रिमण्डल विस्तारमा विलम्ब हुँदै आएको थियो। कांग्रेसभित्र संस्थापन इतर पक्षधर नेता शेखर कोइराला र गगन थापाले पश्चिम नवलपरासीका विश्वप्रेम पाठक र पाल्पाका वीर बहादुर रानालाई मन्त्री बनाउनुपर्ने अडान लिँदै आएका थिए। मुख्यमन्त्री सचिवालय स्रोतका अनुसार त्यहीकारण सरोज थापालाई मन्त्री बनाउन नहुने भन्दै यसअघि पटकपटक मन्त्रिमण्डल विस्तार गर्न खोजिएको प्रयास सफल हुन नसकेको हो।

'अहिले पनि मुख्यमन्त्रीले कांग्रेसका लुम्बिनी सभापतिलाई आफ्नो तर्फबाट मन्त्रीमा पठाउने व्यक्तिको नाम दिन अनुरोध गर्दै आउनुभएको थियो। तर उहाँले सक्नुभएन,' सचिवालयका एक कर्मचारीले भने, 'पार्टीभित्र विवाद पनि गरिराख्ने र सरकार पनि विस्तार गर्न नदिने प्रवृत्ति ठीक होइन भन्ने ठानेरै मुख्यमन्त्रीले सरकार विस्तार गर्नुभएको हो।' लुम्बिनी कांग्रेस सभापति अमरसिंह पुनले नाम दिए फेरि एक जनालाई मन्त्री बनाउने सम्भावना भने रहेको उनले जानकारी दिए।

अमरसिंह पुनले मुख्यमन्त्री चौधरीले पार्टीसँग कुनै समन्वय नगरी एकलौटी गरे स्वीकार्य नहुने चेतावनी दिँदै आएका छन्। शुक्रबार मात्रै सभापति उनले मुख्यमन्त्री चौधरीले आफूसँग सरकार विस्तारबारे पछिल्लो समय कुनै सरसल्लाह नगरेको बताएका थिए। मुख्यमन्त्री चौधरी र दाङबाट निर्वाचित स्वास्थ्यमन्त्री राजु खनाल संस्थापन पक्षधर मानिन्छन्। अर्कोतर्फ प्रदेश सभापति अमरसिंह पुन संस्थापन इतर समूहका हुन्। कांग्रेसको तर्फबाट दाङबाट निर्वाचित चौधरी वैशाख १४ गते मुख्यमन्त्री बनेका थिए। सरकारलाई पूर्णता दिन यसअघि उनले पटक पटक गरेको प्रयास आन्तरिक विवादका कारण नै पूरा हुन सकिरहेको थिएन। *स्रोत: सेतोपाटी।*

# २०९ औं गजलयात्रा सम्पन्न

समाज संवाददाता

हेटौँडा: गजल मञ्च मकवानपुरको आयोजनमा २०९ औं गजलयात्रा सम्पन्न भएको छ। शनिबार साहित्य संगम मकवानपुरको सभाहलमा गजलयात्रा सम्पन्न भएको हो।

हरेक महिनाको पहिलो शनिबार हुने कार्यक्रममा सानु खनाल, ऋषि केबी, पुरूषोत्तम आचार्य, बैकुण्ठ लामिछाने, माधव पोखेल, अनिल कोइराला, डीबी बर्तौला, सुबास सजल, देवराज तिवारी र मिथिला अधिकारीले गजल वाचन गर्नुभएको थियो।

गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा तुल्सी घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल र गजल मञ्च मकवानपुरका सचिव हरि पौडेलको पनि उपस्थिति रहेको थियो।

# युसेसको साधारणसभा

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४, पारिजातपथस्थित युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार संस्थाका अध्यक्ष उत्तम शर्मा ढकालको सभाध्यक्ष तथा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो।

सहकारीमा अहिले आठ सय ६२ शेयर सदस्य रहेकोमा ८८ लाख ३१ हजार रुपैयाँ शेयर पुँजी छ। यस्तै बचत ४ करोड ६७ लाख ४२ हजार रुपैयाँ रहेको छ भने १५ लाख २५ हजार रुपैयाँ नाफा गर्न सफल भएको छ।

## रेबिजबारे १०...

लागेको जनावरले टोकेको छ भने घाउलाई तुरुन्तै १०-१५ मिनेटसम्म साबुनपानीले राम्ररी सफा गरी टोकेको २४ घण्टाभित्र खोप लगाउनुपर्छ। तर रोगको लक्षण देखिसकेपछि भने रेबिज रोगको उपचार सम्भव छैन।

**भ्रम-५**: यदि मलाई खोप लगाएको कुकुरले टोकेको हो भने मलाई पोस्ट-एक्सपोजर मानव रेबिज खोप आवश्यक पर्दैन।

**तथ्य**: सैद्धान्तिक रुपमा यो कुरामा सत्यता रहेतापनि खोपको गुणस्तर, लगाएको समय, तरिका र कुकुरको शारीरिक अवस्था उपयुक्त नभएमा खोप लगाए पनि कुकुरमा रेबिज रोग देखिन सक्छ। त्यसैले कुकुरलाई रेबिज विरुद्धको खोप लगाइए पनि परामर्शको लागि चिकित्सककोमा जानुपर्छ। चिकित्सकले टोकेको घाउको मूल्याङ्कन गरेर पोस्ट-एक्सपोजर भ्याक्सिन आवश्यक छ कि छैन भनेर निर्क्योल गर्दछन्।

**भ्रम-६**: कतिपयले अझै पनि रेबिजको रुरुउपचारका लागि पेटमा २० वा सोभन्दा बढी खोप लगाउनुपर्दछ भन्ने सोच्दछन्।

**तथ्य**: आजको उपचार पद्धतिमा सामान्यतया अवस्था हेरी पाखुरमा टोकेको दिन, तेस्रो दिन र सातौं दिन गरी तीन पटक खोप लगाए पुग्दछ।

**भ्रम-७**: मानिसमा रेबिज विरुद्धको खोप लगाउँदा मानिसहरु बिरामी हुने खतरा हुन्छ र स्मरण शक्तिमा समेत असर गर्छ।

**तथ्य**: पुरानो मानव खोपबाट केही साइड इफेक्टहरु थिए तर नयाँ मानव खोप जुन हाल उपलब्ध छ त्यसले साइड इफेक्ट गर्दैन।

**भ्रम-८**: घरपालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरुलाई रेबिज विरुद्धको खोप लगाउन पर्दैन।

**तथ्य**: घरपालुवा कुकुरले पनि घरबाट लुकेर बाहिर निस्कने र छिमेकको जंगली जनावरबाट रेबिजको जोखिममा पर्न सक्छ। रेबिजबाट संक्रमित चमेरा वा अन्य सानो प्रकारका जंगली जनावर जुनसुकै बेला तपाईंको घरभित्र पसी तपाईंको कुकुरको सम्पर्कमा आएको हुनसक्छ। रेबिज एक प्राणघातक रोग भएकोले घरपालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरुलाई रेबिज विरुद्धको खोप लगाउन उपयुक्त हुन्छ।

**भ्रम-९**: गर्भवती र स्तनपान महिलालाई रेबिज विरुद्धको खोप दिंदा बच्चाहरूमा नकारात्मक असर पर्दछ त्यसैले खोप लगाउन हुँदैन।

**तथ्य**: सबै आधुनिक खोपहरु निष्क्रिय, सुरक्षित र प्रभावकारी हुने भएकाले गर्भवती र स्तनपान माहिलाले रेबिज विरुद्धको खोप लिन मिल्छ र बच्चालाई कुनै असर गर्दैन।

**भ्रम-१०**: कम उमेरको कुकुरको बच्चाले टोक्दा खोप लगाउन पर्दैन।

**तथ्य**: रेबिज विरुद्धको खोप लगाइएको र रेबिज विरुद्ध लड्ने क्षमता पूर्ण रुपमा विकास भएको कुकुरबाट जन्मेको बच्चाहरुसँग कम्तीमा तीन महिनासम्मको उमेरको लागि रोगसँग लड्ने क्षमता माउबाट आएको हुन्छ। त्यसैले सामान्यतया तीन महिना भन्दा कम उमेरको कुकुरले टोक्दा खोप लिनुपर्दैन तर हामीले पालेको कुकुरको आमाबारे हामीलाई धेरै जानकारी नहुने हुँदा कम उमेरको बच्चा कुकुरले टोके पनि रेबिज विरुद्धको खोप लिनु बुद्धिमानी हुन्छ।

*(लेखक पशु सेवा विभागमा कार्यरत पशु चिकित्सक हुन्/अनलाईखबर)*

## विद्यालयप्रति...

किसिमबाट विद्यालयमा पूर्वविद्यार्थीको उपस्थिति रहँदै आएको बताउनुहुँदै यही पुस १० गतेदेखि १४ गतेसम्म वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम आयोजना गरिएको प्रधानाध्यापक दाहालले बताउनुभयो।

विद्यालयको वार्षिकोत्सवको अवसरमा पूर्वविद्यार्थीलाई संस्थागतरुपमा एकीकृत गरेर विद्यालयको सहयोगी इकाईको रुपमा विकसित गर्दै लैजाने उहाँले बताउनुभयो। पूर्वविद्यार्थीको ज्ञान, सीप, दक्षतालाई उपयोग गरी नमूना विद्यालयको रुपमा स्थापित गर्ने प्रतिवद्धता प्रधानाध्यापक दाहालले व्यक्त गर्नुभएको छ। श्रमिक माविमा अहिले पाँच सय ३७ जना विद्यार्थी नियमित उपस्थित भइरहेको उहाँले जानकारी दिनुभयो।

श्री सिद्धार्थ प्राथमिक विद्यालय
बकैया-६, भालुखोला, मकवानपुर

शिक्षक आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०८/२८ गते

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई हेटौडा मकवानपुरको च.न. ६२९ मिति २०८०/०८/२५ गतेको शिक्षक पदपुर्ति अनुमतिपत्र तथा वि.व्य.स. को मिति २०८०/०८/२८ गतेको बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह राहत अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा शिक्षक पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन तथा करार सुचीमा रहेकाहरुका लागि ७ (सात) दिनभित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल :-
**१) विज्ञापन नं. :- ०१/२०८०/०८१**
२) पद :- प्रा.शि. (राहत अनुदान)
३) आवश्यक संस्व्या :- १ (एक)
४) न्युनतम शैक्षिक योग्यता :- आइ.एड. वा सो सरह उत्तीर्ण गरेको
९) तलब :- प्रचलित सरकारी नियमानुसार
६) परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता
७) उमेर :- १८ वर्ष पुरा मई ४० वर्ष ननाघेको
०) परिक्षा दस्तुर :- १,५००।- (एक हजार पाँच सय मात्र।)
९) दरखास्त दिने अन्तिम मिति :- २०५०/०९/१२ गते कार्यालय समयभित्र।
१०) सम्पर्क मिति :- २०८०/०९/१३ गते
११) परीक्षा मिति :- सम्पर्क मितिमा जानकारी गराईने।
१२) दरखास्त दिने समय र स्थान :- विद्यालय प्रशासनमा र विद्यालय समयभित्र।

आवश्यक कागजातहरू :-
१) हस्तलिखित निवेदन- १ थान।
२) नेपाली नागरिकताको प्रतिलिपि- १ थान।
३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि - १ थान।
४) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - १/१ थान।

**नोट** :- शिक्षक सेवा आयोगबाट लिईएको परीक्षाको करार सुचीमा भएका उम्मेदवारलाई विज्ञापन भएको मितिले ७ (सात)दिनमित्र आवेदन पर्न आएमा योग्यताक्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनौट गरि नियुक्ति दिइनेछ।

सम्पर्क: ९८४५८६०१८३ (प्र.अ.), ९८४०५४५०३६, (वि.व्य.स. अध्यक्ष)

प्रधानाध्यापक

बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

सुकराम केसी
वडा अध्यक्ष तथा
९ नम्बर वडा कार्यालय परिवार



# जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा जनज्योति डोजाङ प्रथम



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित टिसिएन चौरमा भएको जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा हेटौंडा-१४, मयूरधापमा रहेको जनज्योति तेक्वान्दो डोजाङ प्रथम भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति संस्था नेपालको आयोजनामा जारी वृहत् खेलकुद तथा व्यापार महोत्सवअन्तर्गत् शनिबार तेक्वान्दो प्रतियोगिता भएको हो ।

प्रतियोगितामा हेटौंडा-१७ स्थित हटिया तेक्वान्दो डोजाङ द्वितीय र हेटौंडा-४ स्थित कर्रा तेक्वान्दो डोजाङ तृतीय भएको छ । प्रतियोगितामा प्रथम हुने टिमले ६ वटा स्वर्ण, द्वितीय टिमले २ वटा स्वर्ण, २ वटा रजत एउटा कास्य पदक प्राप्त गरेका छन् । प्रथम, द्वितीय र तृतीय हुने टिमले पदकसहित प्रमाणपत्र प्राप्त गरेको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछानेले जानकारी दिनुभएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले मकवानपुर जिल्लामा पनि खेलकुदको विकास गर्नुपर्छ भन्ने उद्देश्यले महोत्सवको आयोजना गरेको बताउनुभयो । उहाँले यस महोत्सवमार्फत् खेलकुदप्रतिको आकर्षण बढ्ने र मनोरञ्जन हुने विश्वास व्यक्त गर्नुभयो ।

मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले धेरै अवरोध आएको अवस्थामा पनि महोत्सवको आयोजना गरेकोमा धन्यवाद दिँदै सबै खेलाडीहरुलाई शुभकामना व्यक्त गर्नुभयो ।

प्रतियोगितामा जिल्लाका ८ वटा डोजाङबाट महिला तथा पुरुष गरी करिब ६० जना खेलाडीहरुको सहभागिता रहेको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव लामिछानेले जानकारी दिनुभयो । लामिछानेले यस प्रकारको प्रतियोगितामार्फत् खेलाडीहरुबीच भातृत्व कायम हुने विश्वास व्यक्त गर्नुहुँदै तेक्वान्दोलाई पनि महोत्सवमा समावेश गरेकोमा धन्यवाद दिनुभयो ।

प्रतियोगितामा महिलातर्फ ४२ केजी, ४४ केजी र ४६ केजी तौल समूहका खेलाडीहरुको सहभागिता रहेको र पुरुषतर्फ ४० देखि ४५ केजी, ४५ देखि ५० केजी र ५० देखि ५५ केजी समूहका खेलाडीहरुको सहभागिता रहेको लामिछानेले बताउनुभयो । पुरस्कार वितरण कार्यक्रममा जिल्ला फुटबल संघका महासचिव छवी सुवेदीलगायत विभिन्न खेलकुदका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# न्यूरेनी-चिसापानी सावउसको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समुहको ३३ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । समुहका अध्यक्ष ज्ञान बहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा ७ का वडा अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा अध्यक्ष ज्ञान बहादुर क्षेत्रीले समुहको प्रगति प्रतिवेदन, सचिव शान्ति तिमल्सिनाले समुहको कार्यप्रगतिको प्रतिवेदन र कोषाध्यक्ष तेजप्रसाद मैनालीले समुहको आय-व्ययसहितको १४ लाख ६६ हजार रुपैयाँको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । समुहले वन संरक्षणको लागि सञ्चारमाध्यमबाट सहयोग पुऱ्याउँदै आएको भन्दै पत्रकार पुष्पराज अधिकारीलाई नगदसहित दोसल्ला ओढाएर सम्मान गरेको छ । यस्तै सव-डिभिजन वन रातोमाटेका फरेस्टर यदु प्रसाद घिमिरे, ज्येष्ठ नागरिकतर्फ उपभोक्ता रेमलाल गौतम र डेवकुमारी पोखरेल, कृषि तथा पशुपालनतर्फ सुमित्रा उपाध्यायलाई सम्मान गरिएको छ ।

कार्यक्रममा वडा अध्यक्ष दामोदर गौतमले समुहले वन संरक्षण र उपभोक्ताको आयआर्जनमा टेवा पुऱ्याउने कार्यमा उल्लेखनीय कार्य गरेको भन्दै समुहलाई आवश्यक अन्य भौतिक तथा आर्थिक सहायता वडा कार्यालयले गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । कार्यक्रममा डिभिजन वन कार्यालय हेटौँडाका अधिकृत वसन्त राज गौतमले वन संरक्षण र विद्यमान नीति नियमको बारेमा प्रष्ट पार्नुभयो । यस्तै सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले समुहको सिमानामा अग्निरेखा निर्माणका लागि महासंघले आर्थिक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

यसैगरी अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले अस्मिताले समुहका उपभोक्तालाई दुना टपरी बनाउने तालिम प्रदान गरी मेसिन पनि उपलब्ध गराएको भन्दै आगामी वर्ष समुहले उक्त मेसिन संचालनमा ल्याउँदै आफ्ना उपभोक्तालाई उद्यमी बनाउनेतर्फ लाग्न आग्रह गर्नुभयो । कार्यक्रममा पशुपति मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कृष्ण घिमिरे, जनकल्याण सहकारीका सचिव रोम बहादुर न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णु प्रसाद न्यौपाने लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समूहले विपन्न वर्ग उत्थान कार्यक्रमका लागि २ लाखको घुम्ती कोष बनाई हरेक वर्ष आफ्ना विपन्न उपभोक्ताहरुलाई २० हजारको आर्थिक सहायता गरी उपभोक्ताको आयआर्जनमा टेवा पुऱ्याउँदै आएको छ । वन संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै समुहले ४ पटक जिल्लास्तरीय वन संरक्षण पुरस्कार र सर्वमान्य गणेशमान सिंह वन संरक्षण पुरस्कार २०७३ तृतीय बाट समेत सम्मानित भएको थियो ।

दुइ सय ८७ घरधुरी र ७१.१२ हेक्टर क्षेत्रफल रहेको वनको पूर्वमा हेटौंडा-६ को रानी वन र पश्चिममा हेटौंडा-५ को पिप्लेपोखरा सामुदायिक वन उपभोक्ता समूह रहेको छ । यसैगरी शनिबार भएको समुहको अधिवेशनले प्रकाश कार्कीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति समेत चयन गरेको छ ।

## प्रधानमन्त्री क्रिकेट टिम छनोट प्रतियोगिता सुरु

# उद्घाटन खेलमा म्यानेजमेन्ट विजयी




समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री क्रिकेट प्रतियोगिताको टिम छनोटका लागि मकवानपुर जिल्लाले प्रतियोगिता सुरु गरेको छ । हेटौंडा-४, हुप्रचौरमा शनिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले विजयी सुरुवात गरेको छ ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टले रेड स्वाइल क्रिकेट क्लबलाई ६५ रनले पराजित गर्दै विजयी सुरुवात गरेको हो । टस जितेर पहिलो ब्याटिङ गरेको रेड स्वाइल क्लबले निर्धारित ३५ ओभरमा १० विकेटको क्षतिमा १९१ रन बनाएको थियो । रेड स्वाइलको तर्फबाट रमेश लुईंटेलले ५८ रन र गौरव क्षेत्रीले ३३ रन बनाएका थिए । म्यानेजमेन्टका अहमद राजाले ४ र सन्तोष दासले ३ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको म्यानेजमेन्टले निर्धारित ३५ ओभरमा ५ विकेट गुमाएर २५५ रन बनाउन सफल भएको थियो । म्यानेजमेन्टको तर्फबाट ८० बलमा सर्वाधिक ११४ रन बनाउँदै युविन खड्काले शतक प्रहार गरेका थिए । विशाल फुयालले ५१ बलमा ५५ रन, विशेष विक्रम खड्काले २५ रन, साहेव यादवले २३ रन बनाएका थिए । रेड स्वाइलका रोहित केसरीले ३ विकेट, राजीव यादव र प्रिन्स श्रेष्ठले १-१ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच सर्वाधिक रन बनाउने म्यानेजमेन्टका युविन खड्का घोषित भएका छन् ।

छनोट प्रतियोगितामा सहभागी भएका प्रतियोगीहरुको खेल प्रदर्शनीका आधारमा मकवानपुरबाट पहिलो चरणमा २२ जनाको टिम छनोट गरी त्यसमध्ये १४ जना खेलाडीहरुलाई दोस्रो चरणको छनोट प्रतियोगिता प्रदेश पठाउने प्रदेश क्रिकेट संघको उपाध्यक्ष प्रेम क्षेत्रीले जानकारी दिनुभएको छ । गतवर्षको प्रतियोगितमा मकवानपुरबाट रामनरेश गिरी, गौरव खड्का, रिजन ढकाल र शुभ कंसाकार छनोट भएको क्षेत्रीले बताउनुभयो । छनोट प्रतियोगिताअन्तर्गत् बुधबार रेड स्वाइलले मकवानपुर क्रिकेट क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ भने म्यानेजमेन्टले पनि सोमबार मकवानपुर क्रिकेट क्लबसँगै प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगिताको फाइनल खेल १२ गते हुनेछ ।

बागमती क्रिकेट संघको सदस्य विनोद प्रधानको संयोजकत्वमा प्रतियोगितामा ५ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटन जिल्ला क्रिकेट संघका निवर्तमान अध्यक्ष वासुलाल श्रेष्ठले गर्नुभयो । उद्घाटन कार्यक्रममा बागमती क्रिकेट संघको सदस्य धिरज श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

## कमला आविको वार्षिकोत्सव

# विद्यार्थी, शिक्षक सम्मानित



*वार्षिकोत्सवको अवसरमा सम्मानित विद्यार्थी, शिक्षकको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८ स्थित कमला आधारभूत विद्यालयको शुक्रबार ४८ औ वार्षिकोत्सब एवम् अभिभावक भेला सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तोयानाथ तिमल्सिनाको सभाध्यक्षता तथा वडा अध्यक्ष अनिल कुमार बानियाँको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका शैक्षिक गतिविधिहरु साथै आगामी योजनाका विषयमा विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले जानकारी गराउनुभएको थियो ।

विद्यालयले पछिल्लो समयमा शैक्षिक, भौतिक पक्षमा सुधार गर्दै गएको र आगामी दिनमा अझै शैक्षिक गुणस्तर वृद्धि हुने वडा अध्यक्ष बानियाँले विश्वास व्यक्त गर्नुभएको छ । वार्षिकोत्सवको कार्यक्रमको अवसरमा आयोजित सप्ताहव्यापी खेलकुद प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो । विषयगत उत्कृष्ट नतीजा हासिल गर्ने शिक्षकहरुलाई पनि पुरस्कृत गरिएको थियो । कार्यक्रममा निवर्तमान प्रधानाध्यापक कुमार प्रसाद अधिकारी र सेवानिवृत्त हुनुभएका शिक्षक सीमा बानियाँलाई सम्मान गरिएको थियो ।

# गणपतिको अध्यक्षमा मैनाली



समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित गणपति बाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं साधारणसभाबाट कमल मैनाली सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएको छ ।

हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । अध्यक्षबाट ध्रुब घिमिरेले राजिनामा दिनुभएपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालि रहनुभएका मैनालीलाई साधारणसभाबाट अध्यक्षको जिम्मेवारी दिइएको हो ।

साधारणसभामा सहकारीका कोषाध्यक्ष भीमप्रसाद तिमल्सिनाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सहकारीमा दुइ हजार दुइ सय १४ जना सेयर सदस्य छन् ।

## प्लाष्टिकको प्रयोग नगरौं,वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदूषित हुन्छ ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ब्याडमिन्टन प्रतियोगितामा नेपाल र मगर प्रथम

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति संस्था नेपालले आयोजना गरेको खेलकुद तथा व्यापार महोत्सवमा भएको ब्याडमिन्टन प्रतियोगितामा रवीन्द्र नेपाल र राम थापा मगर प्रथम भएका छन् । शनिबार हेटौँडा-१० स्थित टिसिएन चौरमा भएको फाइनल खेलमा नेपाल र मगरले रेवती कार्की र हिक्मत सिंहलाई पराजित गर्दै प्रथम भएका हुन् ।

प्रतियोगितामा पञ्चलाल माझी र हिमाल मगर द्वितीय तथा दीपक थापा र जीतन लामा तृतीय भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः ७ हजार रुपैयाँ, ५ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित स्वर्ण, रजत र कास्य पदक प्राप्त गरेका छन् । प्रतियोगितामा करिब ३६ जना खेलाडीहरुको सहभागिता रहेको थियो । जिल्ला खेलकुद विकास समितिका सदस्य आलोक स्याङ्तानको संयोजकत्वमा खेलहरु सञ्चालन भइरहेको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको प्रमुख आतिथ्य तथा जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष केवल बानियाँको सभाध्यक्षतामा पुरस्कार वितरण कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न खेलकुद संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ